यो आकाशवाणी हो।

November 3rd, 2025 Monday

प्रमुख समाचार

- भारत अब प्रविधिको उपभोक्ता मात्र नभई प्राविधिक परिवर्तनमा पनि अग्रणी रहेको प्रधानमन्त्री नरेन्द्र मोदीको दावी
- राष्ट्रपति द्रौपदी मुर्मुद्वारा उत्तराखण्ड विधान सभाको विशेष सत्रमा सम्बोधन
- बिहार विधानसभा चुनावको पहिलो चरणको प्रचार भोलि साँझ समाप्त हुँदै
- अनि भारतीय महिला क्रिकेट टोली ICC महिला एकदिवसीय विश्वकप जितेर इतिहास रच्न सफल

1. PM – ISTN

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत अब केवल प्रविधिको उपभोक्ता मात्र नभई प्राविधिक रूपान्तरणमा अग्रणी बनेको बताउनुभएको छ। आज नयाँ दिल्लीको भारत मण्डपममा उदीयमान विज्ञान तथा प्रविधि नवप्रवर्तन शिखर सम्मेलन २०२५ को उद्घाटन गर्दै श्री मोदीले विश्वको सबैभन्दा सफल डिजिटल सार्वजनिक पूर्वाधार भारतमा निर्माण भएको बताउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, सरकारले देशमा नवप्रवर्तनको आधुनिक पारिस्थितिक प्रणाली निर्माण गर्न अनुसन्धानलाई सहजीकरण गर्ने कुरामा ध्यान केन्द्रित गरिरहेको छ।

प्रधानमन्त्रीले महिला क्रिकेट टोलीलाई विश्वकप जितेकोमा बधाई दिनुभयो।

2. Prez - Uttarakhand

राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तराखण्ड राज्य सभाको विशेष सत्रलाई सम्बोधन गर्नुभयो। उहाँले राज्यका सबै बासिन्दा र विधायकहरूलाई बधाई दिंदै विगत २५ वर्षमा उत्तराखण्डको उल्लेखनीय उपलब्धिहरूको प्रशंसा गर्नुभयो।

राष्ट्रपतिले महिला सशक्तिकरणका लागि गरिएका प्रयासहरूको प्रशंसा गर्नुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले समान नागरिक संहिता लागू गरेकोमा राज्य सरकार र विधान सभाको प्रशंसा गर्नुभयो।

3. VP – Kerala Visit

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले लागूपदार्थ दुरुपयोग विरुद्धको लडाईमा एकताबद्ध हुन विद्यार्थीहरूलाई आह्वान गर्नुभएको छ। श्री राधाकृष्णनले आज केरलाको कोल्लममा रहेको फातिमा माता राष्ट्रिय कलेजको हीरक जयन्ती समारोहको उद्घाटन गर्नुभयो। उपराष्ट्रपतिले विद्यार्थीहरूलाई जीवनभर अनुशासन कायम राख्न र सबै विषयमा आत्मसंयम अपनाउन आग्रह गर्नुभयो। श्री राधाकृष्णनले उनीहरूलाई आफ्नो स्वतन्त्रताको दुरुपयोग नगर्न आग्रह गर्नुभयो। उपराष्ट्रपतिले देशको शैक्षिक परिदृश्यलाई आकार दिन केरलाको महत्वपूर्ण भूमिकाको पनि प्रशंसा गर्नुभयो।

4. Bihar Election

बिहार विधानसभा चुनावको पहिलो चरणको प्रचार अभियान चरम सीमामा पुगेको छ। राष्ट्रिय लोकतान्त्रिक गठबन्धन र महागठबन्धन दुवैका उत्कृष्ट प्रचारकहरू र वरिष्ठ नेताहरूले विभिन्न निर्वाचन क्षेत्रमा सार्वजनिक सभा र ऱ्यालीहरू गरिरहेका छन्। पहिलो चरणको चुनावी अभियान भोलि साँझ समाप्त हुनेछ। नोभेम्बर ६ मा १८ जिल्लाका १२१ विधानसभा सिटका लागि मतदान हुनेछ।

5. Jaishankar – India- Bahrain

विदेशमन्त्री डा. एस. जयशंकरले हालैका वर्षहरूमा भारत र बहराइन बीच द्विपक्षीय व्यापार र लगानी निरन्तर बढेको बताउनुभएको छ। नयाँ दिल्लीमा पाँचौं भारत-बहराइन उच्चायोग बैठकमा बोल्दै डा. जयशंकरले भन्नुभयो, दुई देशले रक्षा, सुरक्षा, व्यापार, वाणिज्य, स्वास्थ्य, संस्कृति जस्ता क्षेत्रमा द्विपक्षीय लगानी र जनता-जनता बीचको सम्बन्धमा उल्लेखनीय प्रगति देखेका छन्।

## 6. Telangana - Accident

तेलङ्गनाको रंगारेड्डी जिल्लाको चेभेला नजिकै मिर्जागुडा-खानपुर रोडमा भएको सडक दुर्घटनामा १९ जनाको मृत्यु भएको छ। हाम्रा संवाददाताका अनुसार बिहान ८ बजेतिर विकाराबाद-हैदराबाद रोडमा एउटा ट्रकले दुई पाङ्ग्रे सवारी साधनलाई ओभरटेक गर्ने प्रयास गर्दा बसमा ठक्कर लागेर दुर्घटना भएको थियो।

## 7. Rajasthan – Accident

यसैगरी राजस्थानको जयपुरमा भएको दुखद डम्पर दुर्घटनामा मृत्यु हुनेको संख्या तेह्र पुगेको छ। छ जना गम्भीर घाइते भएको र जयपुरको स्थानीय अस्पतालमा उपचार भइरहेको बताइएको छ। मुख्यमन्त्री भजनलाल शर्माले ज्यान गुमाउनेप्रति गहिरो दुःख व्यक्त गर्नुहुँदै घाइतेहरूलाई सर्वोत्तम चिकित्सा सेवा प्रदान गर्न अधिकारीहरूलाई निर्देशन दिनुभएको छ।

## 8. Communication Ministry Campaign

सञ्चार मन्त्रालय अन्तर्गत हुलाक विभागको विशेष सफाई अभियानको पाँचौं चरण सम्पन्न भएको छ। यो अभियान अक्टोबर २ देखि अक्टोबर ३१ सम्म चलेको थियो। अभियानको एक भागको रूपमा, सञ्चार मन्त्रालयले २३,००० वर्ग फिट भन्दा बढी ठाउँ सफा गरेको बताइएको छ।

9. Afganistan – Earthquake

हिजो राति उत्तरी अफगानिस्तानमा ६.३ म्याग्निच्युडको शक्तिशाली भूकम्प जाँदा २० जनाको मृत्यु भएको छ भने ५०० भन्दा बढी घाइते भएका छन्। अफगानिस्तान राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार भूकम्प बिहान सबेरै गएको थियो। उज्बेकिस्तान, ताजिकिस्तान र पाकिस्तानमा पनि भूकम्पको धक्का महसुस गरिएको थियो। यसैबीच अफगानिस्तानमा भूकम्पबाट भएको जनधनको क्षतिप्रति विदेशमन्त्री एस. जयशंकरले समवेदना व्यक्त गर्ुनुभएको छ। उहाँले भूकम्प प्रभावित क्षेत्रहरूमा राहत सामग्री पठाइँदै गरेको बताउनुभयो।

10. Sports News

अब खेल प्रसंगः भारतीय महिला क्रिकेट टोलीले ICC महिला एकदिवसीय विश्वकप जितेर इतिहास रचेको छ। हिजो राति नवी मुम्बईमा खेलिएको फाइनलमा भारतले दक्षिण अफ्रिकालाई ५२ रनले पराजित गर्दै पहिलो पटक उपाधि जितेको हो। खेलकुद तथा युवा मामिला मन्त्री डा. मनसुख मण्डावियाले नोभेम्बर ७ मा हक्कीले आफ्नो १०० औं वार्षिकोत्सव मनाउने घोषणा गर्नुभएको छ। यस अवसरमा देशभरका ५५० भन्दा बढी जिल्लाहरूमा १,४०० भन्दा बढी हक्की प्रतियोगिताहरू आयोजना गरिनेछन्। आज नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै डा. मण्डावियाले यो पहलको उद्देश्य खेलको बारेमा जागरूकता जगाउने, युवा खेलाडीहरूलाई हक्की खेल्न प्रोत्साहित गर्ने र देशमा खेलकुद संस्कृति प्रवर्द्धन गर्ने बताउनुभयो। भारतीय ओलम्पिक संघले बहराइनमा हालै सम्पन्न एसियाली युवा खेलकुदमा स्वर्ण पदक विजेतालाई ५ लाख रुपैयाँ, रजत पदक विजेतालाई ३ लाख रुपैयाँ र कांस्य पदक विजेतालाई २ लाख रुपैयाँ नगद पुरस्कार दिने घोषणा गरेको छ। चौथो स्थान हासिल गर्ने खेलाडीले जनही ५०,००० रुपैयाँ प्राप्त गर्नेछन्। पदक विजेता खेलाडीका प्रशिक्षकहरूले पनि जनही १ लाख रुपैयाँ प्राप्त गर्नेछन्।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः

१. भारत अब प्रविधिको उपभोक्ता मात्र नभई प्राविधिक परिवर्तनमा पनि अग्रणी रहेको प्रधानमन्त्री नरेन्द्र मोदीको दावी

२. राष्ट्रपति द्रौपदी मुर्मुद्वारा उत्तराखण्ड विधान सभाको विशेष सत्रमा सम्बोधन

३. बिहार विधानसभा चुनावको पहिलो चरणको प्रचार भोलि साँझ समाप्त हुँदै

४. अनि भारतीय महिला क्रिकेट टोली ICC महिला एकदिवसीय विश्वकप जितेर इतिहास रच्न सफल